# गैरआवासीय नेपाली चिकित्सक दर्ता र चिकित्सकिय अभ्यास सम्बन्धी कार्यविधि,२०८१

नेपाल मेडिकल काउन्सिल Nepal Medical Council

**Nepal Medical Council**

# गैरआवासीय नेपाली चिकित्सक दर्ता र चिकित्सकिय अभ्यास सम्बन्धी कार्यविधि,२०८१

**प्रस्तावना**

नेपालमा गैरआवासीय नेपाली चिकित्सकहरूको दर्ता प्रक्रिया सुव्यवस्थित गरी त्यस्ता चिकित्सकको चिकित्सकिय अभ्यासलाई गुणस्तरिय तथा विश्वासनिय बनाउन वान्छनिय भएकोले यो कार्यविधि तयार गरिएको हो ।

## परिच्छेद १ः प्रारम्भिक

१. **संक्षिप्त नामकरण र प्रारम्भः** (१) यस कार्यविधिलाई "गैरआवासीय नेपाली चिकित्सक दर्ता र चिकित्सकिय अभ्यास सम्बन्धी कार्यविधि,२०८१" भनिनेछ।

(२) यस कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० सम्झनु पर्छ ।

(ख) "नियामावली" भन्नाले नेपाल मेडिकल काउन्सिल नियमावली, २०२४ सम्झनुपर्छ ।

(ग) "काउन्सिल" भन्नाले ऐनको नियम ३ बमोजिम स्थापित नेपाल मेडिकल काउन्सिल सम्झनुपर्छ ।

(घ) "अध्यक्ष" भन्नाले नेपाल मेडिकल काउन्सिलको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "रजिष्ट्रार" भन्नाले नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रार सम्झनु पर्छ ।

(च) "नाम दर्ता" भन्नाले चिकित्सकको रुपमा दर्ता किताबमा गरिने नाम दर्ता सम्झनुपर्दछ ।

(छ) "गैरआवासीय नेपाली" भन्नाले नेपाल सरकारबाट गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेको व्यक्ति सम्झनु पदर्छ ।

## परिच्छेद २ः दर्ता प्रक्रिया

३. **दर्ता प्रयोजनका लागि आवश्यक प्रावधानहरूः** (१) नेपाल मेडिकल काउन्सिलको ऐन तथा नियमावली अनुसार चिकित्सकले आफ्नो प्राप्त गरेको शैक्षिक तहको नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र परीक्षा उर्तिण गरेको हुनुपर्दछ ।

(२) उपनियम (१) मा जुनसुकै व्यवस्था गरेको भएता पनि काउन्सिलबाट दर्ता परीक्षा, विशेषज्ञ दर्ता परीक्षा वा विशिष्ट दर्ता परीक्षा सुरु गरिएको मिति अगावै सो सरहको उपाधिको परीक्षा दिएकाहरूले यो परीक्षामा संलग्न हुनुपर्ने छैन।

(३) यस दर्ता प्रक्रिया विदेशी नागरिक चिकित्सक दर्ता समितिको सिफारिसका आधारमा हुनेछ।

(४) यस दर्ताका लागि छुट्टै "गैरआवासीय दर्ता किताब" खडा गरिनेछ।

नेपाल मेडिकल काउन्सिल Nepal Medical Council

**४. सिफारिस र श्रम स्वीकृतिबारे तथा दर्ता खारेजी प्रावधानः** (१) यस दर्ताका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिस तथा नेपालमा श्रम स्वीकृति लिनु आवश्यक पर्ने छैन।

(२) नेपाली नागरिकता पेश गरि नेपाली नागरिक सरहको काउन्सिलमा दर्ता लिएका चिकित्सकले गैरआवासीय नागरिकता प्राप्त हुने बित्तिकै त्यस्तो दर्ता स्वतः खारेज भएको मानिनेछ र निजले गैरआवासीय नागरिकता त्याग गरि पुनः नेपाली नागरिकता प्राप्त गरि सोको प्रमाण काउन्सिलमा पेश गरेमा काउन्सिलले निजको नेपाली नागरिक सरहको काउन्सिल दर्ता पुनः कायम गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम खारेज भएको दर्ता र कायम भएको दर्ता काउन्सिलको आधिकारीक वेबसाईटमा राख्नुपर्नेछ।

**५. अस्थायी दर्ता प्रमाणपत्रः** (१) गैरआवासीय नेपाली चिकित्सक दर्ताका लागि सबै प्रावधान तथा प्रक्रिया पूरा भएपछि गैरआवासीय नेपाली चिकित्सक अस्थायी दर्ता प्रमाणपत्र जारी गरिनेछ।

(२) उपनियम (१) बमोजिम अस्थायी दर्ता प्रमाणपत्र जारी गर्दा दर्ता भएको बर्ष-गैरआवासीय नेपाली चिकित्सकको देशको कोड नम्बर-नेपाल मेडिकल काउन्सिल गैरआवासीय नेपाली चिकित्सक दर्ता नम्बर सहित कोष्ठकमा NRN राखि जारी गर्नु पर्दछ । उदाहरण-२०२४-०१-००१ (NRN)

(३) उपनियम (२) बमोजिमको गैरआवासीय नेपाली चिकित्सकको देशको कोड नम्बर चिकित्सक दर्ता समितिले तोक्नेछ।

## परिच्छेद ३: प्रावधान र प्रतिबन्ध

**६. अस्थायी दर्ता अवधि र नवीकरणः** (१) गैरआवासीय नेपाली चिकित्सक अस्थायी दर्ता प्रमाणपत्रको अवधि एक वर्षको हुनेछ र त्यस्तो दर्ता प्रमाणपत्र हरेक वर्ष तोकिएको दस्तुर बुझाएर नवीकरण गर्न सकिनेछ।

**७. व्यवसायिक सीमाः** (१) गैरआवासीय नेपाली चिकित्सक अस्थायी दर्ता प्रमाणपत्र प्राप्त चिकित्सकले व्यवसायिक काम गर्न पाउने संस्थाहरू (शिक्षण संस्था, अस्पताल) को संख्या बढीमा दुई मात्र हुनेछ र त्यस्तो संस्था आवेदकको अनुरोधमा काउन्सिलले तोक्नेछ।

(२) उपनियम (१) बमोजिमको तोकिएका संस्था बाहेक अन्यत्र व्यवसायिक काम गरेको पाइएमा कसुर बमोजिमको कारवाही हुनेछ।

नेपाल मेडिकल काउन्सिल • Nepal Medical Council

## परिच्छेद ४: कागजात तथा दस्तुर

**८. आवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरू:** (१) गैरआवासीय नेपाली चिकित्सक दर्ताका लागि तपसिल अनुसारका कागजातहरू नोटरीबाट प्रमाणित गरि काउन्सिलमा संलग्न गर्नुपर्नेछ-

क) गैरआवासिय नेपाली नागरिकताको प्रमाणपत्र र कम्तिमा ६ महिना अवधि रहेको सम्बन्धित देशको मूल राहदानी र भिषा

ख) सम्बन्धित देशमा हसिल गरेको उच्चतम् चिकित्सकिय उपाधी प्रमाणपत्र

ग) सम्बन्धित देशको काउन्सिलको दर्ता प्रमाणपत्र

घ) दक्षता, विषय विज्ञता र पढाइको तहको समकक्षता प्राप्त गरेको प्रमाणपत्र (काउन्सिललाई आवश्यक लागेको)

ङ) नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र (काउन्सिलमा दर्ता भएको भए)

च) सम्बन्धित देशको काउन्सिलले अधिकत्तम ३ महिना अघिसम्ममा जारी गरेको Good standing प्रमाणपत्र वा NO Objection Letter

(२) उपनियम १ मा जेसुकै लेखीएको भएता पनि नेपालमा नै उच्चतम् चिकित्सकिय उपाधी प्रमाणपत्र प्राप्त गरेको गैरआवासिय नेपाली नागरिकले नेपालमा नै प्राप्त भएको उच्चतम् चिकित्सकिय उपाधी प्रमाणपत्र संलग्न गर्नुपर्नेछ । त्यस्तै निजले सम्बन्धित देशको काउन्सिलले जारी गरेको Good standing प्रमाणपत्र वा NO Objection Letter संलग्न गर्नु आवश्यक पर्नेछैन ।

(३) गैरआवासीय नेपाली चिकित्सकको रूपमा दर्ता भई पुनः विदेशमा फर्कि चिकित्सकिय अभ्यास गरेमा दर्ता नविकरण गर्दा सम्बन्धित देशको काउन्सिलले अधिकत्तम ३ महिना अघिसम्ममा जारी गरेको Good standing प्रमाणपत्र वा NO Objection Letter संलग्न गर्नुपर्नेछ ।

(४) उपनियम (१) मा उल्लेखित कागजात बाहेक काउन्सिलले आवश्यक ठानेमा अन्य कागजातहरू समेत नोटरीबाट प्रमाणित गरि माग गर्न सक्नेछ ।

(३) उपनियम (१) (२) र (३) अनुसारका कागजातहरू काउन्सिलले आवश्यक ठानेमा सक्कल कागजातसँग रूजु गराउन सक्कल कागजात माग गर्न सक्नेछ ।

**९) दस्तुर:** (१) गैरआवासीय नेपाली चिकित्सक दर्ताको दस्तुर तथा नविकरण दस्तुर अनुसूची-१ अनुसार हुनेछ।

## परिच्छेद ५: कारवाही तथा विविध

**१०) कारवाहीका प्रावधानहरू:** (१) यस कार्यविधिको उल्लंघन भएमा उल्लंघन गर्नेले प्रचलित कानुन अनुसार कारवाही भोग्नुपर्नेछ।

**११) बाधा अड्काउ फुकाउने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा काउन्सिलले बाधा अड्काउ-फुकाउ गर्न सक्नेछ ।

**१२) खारेजी र बचाउ:** गैरआवासीय नेपाली चिकित्सक दर्ताका सम्बन्धी यस भन्दा अगाडी भएका निर्णय तथा व्यवस्था खारेज गरि यो कार्यविधि लागु हुनु भन्दा अगाडी भए गरिएका काम कारवाही यसै कार्यविधि बमोजिम भएगरेको मानिनेछ ।

नेपाल मेडिकल काउन्सिल Nepal Medical Council

अनुसूची-१

## गैरआवासीय नेपाली चिकित्सक दर्ताको दस्तुर तथा नविकरण दस्तुर

| क.सं | विवरण | दस्तुर |
|---|---|---|
| १ | गैरआवासीय नेपाली चिकित्सक दर्ता | प्रति वर्ष रू. १५,०००/- |
| २ | गैरआवासीय नेपाली चिकित्सक दर्ता नविकरण | प्रति वर्ष रू. १५,०००/- |

नेपाल मेडिकल काउन्सिल • Nepal Medical Council •